# निर्धनता नै पापको मूल हो



अनुवादक :

भिक्षु चुन्द शास्त्री

Downloaded from http://dhamma.digital

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# निर्धनता नै पापको मूल हो

अनुवादक :

**भिक्षु चुन्द शास्त्री**

प्रकाशक :

**संघरत्न वज्राचार्य**

Downloaded from http://dhamma.digital

प्रकाशक :
संघरत्न वज्राचार्य
पुलचौक, बुटवल
लुम्बिनी अंचल, नेपाल ।

प्रथमावृत्ति १०००

बुद्ध संबत् २५२१
वि. सं. २०३४
ने. सं. १०९७

मुद्रक :
शाक्य प्रेस,
वंबहाल, कान्तिपुर
फोन : १३६०४

Dhamma.Digital

# दुई शब्द

निर्धनता र धनको अनुचित असमानता कतिको भयंकर दुष्परिणाम कारक छ स्वत: स्पष्ट छ। निर्धनताबाट मनुष्यमा निर्लज्जता आई उसको पराक्रम नाश गरिदिन्छ। जब पराक्रम रहन्दैन अपमानको प्रतिकार गर्न सक्दैन। अनि अपमानबाट दु:खी हुन्छ, शोकी हुन्छ। दु:ख र शोकबाट संतप्त व्यक्तिमा सद्बुद्धिको अभाव हुन्छ। जब बुद्धि नै हुन्दैन तब कसरी उसको नाश हुन्दैन ? वस्तुत: अनेक दुर्गुणहरूको र पापको जड नै निर्धनता हुन्छ।

त्यसको अर्थ धन भएर मात्र सबै ठोक राम्रो हुन्छ भनेको होइन। धन भए अर्थात् आफुलाई खान पिउन लायक पेशा आफु संग भएर काम पनि गर्न पाए मानिसमा अनेक दुर्गुण आउनै बाटो अवरूद्ध हुन्छ। धन भए सुखी समृद्धि भएर इहलोक र परलोक समेत सुधार गर्न सकिन्छ। दान, पुण्य, यज्ञ, त्याग आदि सबै विना धन सम्भव हुन्दैन।

परन्तु धन त्यसै रूखमा फल्ने वस्तु होइन। उत्साह र उद्योगबाट मात्रै धन कमाउन सकिन्छ। जसले पराक्रम गर्दछ, त्यसैले भाग्यलाई चाहे जस्तो बनाउन सकिन्छ। विना उद्योग धन्धा गरीकन ताश, कौडी खेलेर कमाएको धन पनि अस्थिर नै हुन्छ। वास्तवमा त्यस्ता धनलाई धन नै भनिन्दैन।

Downloaded from http://dhamma.digital

आर्थिक जीवन सम्मुनत नगरीकन आफ्नो घर गृहस्
बन्दैन, न त समाज र राष्ट्र नै बन्नेछ। अतः धैर्यवान, वीर्यबान
बुद्धिवान र श्रमशील भएर उचित तरिकाबाट धन कमाउनु
कमाएको धन संरक्षित तथा सदुपयोग गर्नु प्रत्येक उपास
उपासिकाहरूको पनि कर्तव्य हो । त्यसकारण धार्मिक पद्धतिबा
उद्योगशील भएर पैसा कमाएर सुखमय जीवन बिताउन सबै
सकुन् यही मेरो शुभ कामना छ।

बुटवल —भिक्षु चुन


१३।३।२०३४

Dhamma.Digital



स्वर्गीय श्रद्धा कुमारी

Downloaded from http://dhamma.digital



Dhamma.Digital

Downloaded from http://dhamma.digital

# आमाको पुण्य–संस्मरणमा

आमा प्रत्येक संतानको लागि स्नेह र ममताको श्रोत हुन्छ । जब आमाले रुवाएर छाडेर जानेछ, तब आमाको संस्मरण मात्र पनि पुण्यको विषय हुन्छ ।

मेरी आमा श्रद्धा कुमारी १९६५ बि. सं. आश्वीन कृष्ण-पक्ष प्रतिपदाका दिन जन्मनु भएकी थिइन् । हामी तीन जना दाज्यू भाई र एक बहिनीलाई जन्माइ स्नेह र ममता पूर्ण सम्भारका साथ हुर्काइकन २०२६ साल मंसीर कृष्णपक्ष अष्टमीका दिन हामी सबैलाई छाडेर वहां सुगतिलोकमा जानुभयो ।

मेरी आमाको जीवन दुई भागमा विभाजित छ भन्नुमा अत्युक्ति हुने छैन । एक आफ्नो बाल बच्चा पाल्नु, अर्को भगवान बुद्धको धर्म प्रति श्रद्धा र भक्ति राख्नु । आमाको जीवन कालमा स्थविरबादी बौद्ध भिक्षु धर्मालोक महास्थविर १९९४ वि. सं. चैत्र महीनामा बुटवल पाल्नु भएका थिए । वहां संगै प्रथमबार मेरी आमाले शिक्षा दीक्षा ग्रहण गरेकी थिइन् । त्यहां देखि मेरी आमा बुद्ध, धर्म तथा संघ प्रति अगाढ श्रद्धा राख्दथिइन् । यहां सम्म कि आफ्नो यस अगाढ श्रद्धाबाट आफ्ना पुराना नाम बिष्णु कुमारी रुपमा होइन बरु श्रद्धाकुमारी रूपमा वहां प्रख्यात् भइन् । भिक्षु शाक्यानन्द महास्थविरज्यूबाट यथा काम तथा नाम होस् भनेर "श्रद्धा" के भन्नु भएको थियो, मेरी

Downloaded from http://dhamma.digital

आमा विष्णुकुमारी रूपमा होइन श्रद्धाकुमारी रूपमा नै जानिन लाग्यो। मेरी आमालाई पनि यस नाममा नै आस्था भएकोले हामी आज त्यसै नाउंबाट आमालाई याद गर्दछौं।

मेरी आमा श्रद्धा कुमारी प्रत्येक अष्टमी, अमावस्या र पूर्णिमाका दिन अष्टशील उपोसठव्रत पालन गर्नु हुन्थ्यो। साथै पद्मचैत्य विहारको निर्माण तथा संभारमा सधैं तत्पर रहन्थ्यो।

१९९९ को कुरा हो। भिक्षु महाप्रज्ञा बुटबलमा पाल्नु हुन्दा डेढ फूट जति ठूलो मैनको बुद्ध मूर्ति एउटा तयार गरेर देखाउनु भयो। अनि आमाले श्रद्धापूर्वक मान्यता गरेकोले भिक्षु महाप्रज्ञाले त्यो मूर्ति आमालाई दिनु भयो। आमाले त्यो मूर्ति कांसबाट ढाल्न लगाउनु भयो। यही मूर्ति पछि २००१ साल बैशाख महीनामा जात्रा गर्न आफ्ना स्वामी श्री बोधिरत्न वज्राचार्यलाई कुशीनगर पठाइकन चन्द्रमणि महास्थविर कहां निमंत्रणा दिन पठाउनु भयो। निमंत्रणानुसार कुशीनगरबाट श्रामणेर चुन्द र अश्वघोष बुटवल पठाइएका थिए। यसरी नेपाल अधिराज्य भरमा सर्व प्रथम बुटवलमा बुद्ध-जयन्ती समारोह मनाइयो। यो समारोह आज सम्म प्रत्येक वर्ष चल्दै आएको पनि छ।

२०१६ साल मंसीर कृष्णपक्ष अष्टमीका दिन जुन भव्यतापूर्वक पवित्र महापरित्राण पाट बुटवलमा सुसम्पन्न भयो, त्यसमा पनि प्रथम प्रयास गर्ने मेरी आमा श्रद्धाकुमारी नै हो। यस पछि पनि २०२० सालमा आफ्नै नयां घरमा १६/१७

जना भिक्षुहरू निमंत्रणा गरेर महापरित्राण पाठ सुसम्पन्न गर्नु भयो। यसरी महापरित्राण पाठ गराउनु र परिस्कार सहित दानादि कुशल कार्य गर्नुमा नै मेरी आमाको मन संतुष्ठ हुन्थ्यो।

मेरी आमा, अब हाम्रो लागि संस्मरणको विषय मात्र भइ सकेकोछ। आमाको दूधको ऋण, स्यार सम्भारको ऋण, स्नेह र ममताको ऋण, आशीष युक्त भावनाको ऋण तिर्नु प्रत्येक संतानको लागि असम्भव कुरा हो। तथापि पूज्या स्वर्गीया आमाको पुण्य सम्झनामा आमा कै लागि जन्म जरा व्याधि मृत्युबाट मुक्त भएको निर्वाणको हेतु होस् भन्ने कामनाका साथ यो एक धर्म पुस्तिका प्रकाशित गरेर वितरण गर्दैछु।

साथै दुई वर्ष पछि स्वर्गीय हुने पिता बोधिरत्न वज्राचार्य-ज्यूको गुण स्मरण पनि हुन्छ। आजन्म बुद्ध प्रति श्रद्धा एवं भक्ति राख्ने सधैं दानशील भावनादिमा अभिरत रहने पूज्य पिताज्यू-लाई पनि यस धर्म पुस्तिका प्रकाशन र वितरणको पुण्य लाभ होस् र निर्वाण–धर्म साक्षात्कार गर्ने हेतु होस् भन्ने प्रार्थना गर्दछु।

पुलचौक, बुटवल बजार,
लुम्बिनी अंचल, नेपाल।

हजूरहरूका कांछा छोरा
संघरत्न वज्राचार्य

Downloaded from http://dhamma.digital

# व्रतधर्म त्यागेकोले असन्तोष र निर्धनता

एक समय भगवान गौतम बुद्ध मगधको मालुवा भन्ने ठाउंमा बसिरहनु भएका थिए । त्यस बेला भिक्षुहरूलाई सम्बोधन गरी भगवान बुद्धले बोलाउनु भयो, 'भिक्षुहरू !'

भिक्षुहरूले भगवान बुद्धलाई 'भन्ते भगवन्' भनि उत्तर दिए।

## स्वावलम्बी बन

भगवान बुद्धले भन्नु भयो, भिक्षुहरू, आत्मद्वीप आत्म शरण (स्वावलम्बी) भएर बस, अरू कसैको भरोशामा न बस । धर्मद्वीप र धर्म शरण भएर बस, अरू कसैको भरोशामा न बस । भिक्षुहरू, कायमा कायानुपश्यी भएर, संयमी सावधान स्मृतिमान भएर संसारको अनुचित लोभ र दौर्मनश्यलाई जितेर बस। वेदनामा वेदनानुपश्यी भएर विचरण गर । चित्तमा चित्तानुपश्यी भएर विचरण गर। धर्ममा धर्मानुपश्यी भएर विचरण गर ।

भिक्षुहरू, यस्तै ··· आत्मशरण ... धर्मशरण भएर बस। भिक्षुहरू, आफ्ना पूर्वज विषय गोचरमा विचार गरी विचरण गर । गोचर (इन्द्रिय) माथि विचार गरी विचरण गर्दा मारले कतै कहिंबाट प्रवेश गर्न सक्दैन । भिक्षुहरू, उत्तम धर्म शरण होऊ। यसबाट पुण्यको वृद्धि हुनेछ ।

Downloaded from http://dhamma.digital

# धर्मचारी चक्रवर्ती राजा नेमि

भिक्षुहरू, चक्रवर्ती राजा नेमिले हजार बर्ष सम्म धर्म पूर्वक राज्य चलाए। उनको समयमा सम्पूर्ण जनताहरू सुखी थिए। त्यस्ता धार्मिक रूपमा राज्य गर्ने राजा जब वृद्ध भए त्यसबेला सोच्न लाग्यो, अब मेरो लागि तपोबन जाने बेला भयो। यसरी विचार गरेर आफ्ना जेष्ठपुत्रलाई राज्यभार सबै दिएर चक्रवर्ती नेमि राजाले ऋषि भेष लिइकन जंगल प्रवेश गरे।

उन भाग्यशाली प्रतापी चक्रवर्ती नेमि राजाले गृहत्याग गरेको सात दिनपछि नै दिव्य चक्ररत्न अन्तरधान भयो। जब चक्ररत्नको अन्तरधान भयो, राज्यमा ठूलो हलचल भयो। जनताहरूले असन्तोष भाव प्रकट गर्न थाले। अनि चक्रवर्ती राजा नेमि पुत्रले जनताको सुख शान्तिका लागि विचार गरेर आफ्ना बुबा राजर्षि नेमि कहां गएर बिन्ति गरे, 'महाराज, राज्यबाट दिव्य चक्ररत्नको अन्तरधान भयो।'

## १. चक्रवर्ती व्रत

'भिक्षुहरू, यसरी बिन्ति गरेको सुनेर राजर्षि नेमिले भने, 'हे पुत्र, दिव्य चक्ररत्न अन्तरधान भयो भनेर तिमीले दुःख मनाउनु र असन्तोष गर्नु हुन्दैन। किनभने चक्ररत्न भनेको तिम्रो पूर्वज अंश होइन। तात, तिमीलाई पनि चक्ररत्न पाउनु छ भने तिमीले पनि चक्रवर्ती व्रत पालन गर। जब तिमी आर्य चक्रवर्ती व्रत पालन गर्दछौ तब चक्ररत्न पाउने छौ। तात,

पूर्णिमाको दिन पूर्ण स्नान (टाउको देखि पैंताला सम्मको नुहाइ) गरेर तिम्रो प्रासादको सबै भन्दा माथिल्लो तल्लामा गएर उपोसथ व्रत लेऊ। अनि सहश्र पुण्ययुक्त भाग्यवान नेमि राजाले गरे जस्तै व्रतको राम्ररी पालन गर। त्यसपछि सबै किशिमबाट परिपूर्ण भएको चक्ररत्न प्रकट हुनेछ।"

"देव, त्यो आर्य चक्रवर्ती व्रत भनेको के हो ?"

"पुत्र, आफुमा आश्रित सेना माथि, क्षेत्रीय माथि, गृहपति माथि, अनुगामीय माथि, ब्राह्मण माथि, ग्राम निगम र जनपदवासी माथि, श्रमण–ब्राह्मण माथि मृगादि यावत पशु पंक्षी माथि दया करुणा माया ममताका साथ धर्मपूर्वक सबैको हित र कल्याण गर्नु, सत्कार गर्नु, गौरव गर्नु, सम्मान राख्नु, पूजा गर्न योग्यलाई पूजा गर्नु, श्रद्धा भाव राख्न योग्यलाई श्रद्धाभाव राख्नु र धर्मध्वज, धर्मकेतु, धर्माधिपति जस्ता सबै धार्मिक कुरालाई ख्याल राखेर उसको सुरक्षा हुने धर्मानुकूलको विधान बनाउनु नै चक्रवर्ती व्रत पालन गर्नु हो। तात, तिम्रो राज्यमा कतै कहींबाट पनि अधर्म घुस्न नपाओन्। तात, जुन मानिस असहाय गरीब छ, उनलाई धन देऊ। तात, कुनै कुनै श्रमण वा ब्राह्मण मद–प्रमादबाट विरत भएको होला। तिनी-हरू शान्तिको अभ्यासमा लागेर आत्मदमन, आत्मशरण र आत्म निर्वापन भएका होलान्। त्यस्ता श्रमण–ब्राह्मण कहां गएर समय समयमा सोध्नु पर्दछ, "भन्ते, कुन काम गर्नु राम्रो छ, कुन काम गर्नु नराम्रो छ ? के सदोष के निर्दोषको छ? मेरो लागि सेवनीय कुन काम हो, कुन काम असेवनीय हो ? कुन

Downloaded from http://dhamma.digital

काम कुरो मेरो भविष्यका लागि हित सुख हुने तथा कुन काम कुरो अहित दु:ख हुने हो ?" यसरी उन श्रमण ब्राह्मण संग सोधेर भनेका कुरा राम्ररी बुझेर धारण पालन गर्नु पर्दछ। जुन त्याग गर्नु पर्ने हो, त्यसलाई त्यागि दिनु पर्दछ। अनि जुन ग्रहण गर्नाले आफ्नो हित र सुख हुने हो त्यो ग्रहण गर्नु पर्दछ। पुत्र यही चक्रवर्ती–व्रत हो।"

"भिक्षुहरू, अनि राजाले राजर्षि नेमिको उपदेश सुनेर 'ह्वस' यस्तै गर्नेछु भनेर उत्तर दिएर आफ्ना राज्यमा फर्केर आर्य चक्रवर्ती व्रत पालन गर्न लागे।"

"जब त्यस राजाले आर्य चक्रवर्ती व्रत पालन गर्दै गयो, अनि उपोसथको दिन अर्थात् पूर्णिमाको दिन त्यस राजाको सामुने दिव्य चक्ररत्न उत्पन्न भयो। यसरी दिव्य चक्रवर्ती रत्न उत्पन्न भएको देखेर राजाको मनमा यस्तो कुरा खेल्न लाग्यो। मैले सुनेको छु अप्रमाद भइ बसेका जुन राजाको सामुने दिव्य चक्ररत्न प्रकट हुन्छ, त्यो राजा चक्रवर्ती राजा हुनेछ। अब म चक्रवर्ती राजा बन्नेछु।" यसरी मनमा सोचेर आशनबाट उठेर अनि एउटा रुमाल कांढमा राखी बांया हातले पानीको झारी लिएर दायां हातले चक्ररत्नको अभिषेक लिए।" यसरी चक्र-रत्न प्राप्त गरे।

"भिक्षुहरू, यसरी चक्ररत्न पाएर सारा पहाड पर्वत समुद्र पर्यन्त पृथ्वी जितेर आफ्ना अन्तपुरमा न्याय–प्रांगणको ढोकामा आएर राजा अक्षाहत अर्थात् सुदृढ भए।"

Downloaded from http://dhamma.digital

## २. व्रत त्यागे देखि जनतामा असन्तोष र निर्धनता

"भिक्षुहरू, यसरी द्वितीय चक्रवर्ती राजा…, तृतीय, चतुर्थ, पंचम, षष्ठम, सप्तम चक्रवर्ती राजाले चक्रवर्ती व्रत धर्म पालन गरेर धेरै वर्ष बिताए।"

"भिक्षुहरू, जब जब दिव्य चक्ररत्नको अन्तरधान हुन्छ, राजाहरू असन्तोषी र दुःखी भएर राजर्षि कहां जान्छन् र आर्य चक्रवर्ती व्रत बारेमा उपदेश ग्रहण गरेर त्यस व्रतको धारण पालन गर्दथे। तर धेरै काल पछि एक राजाको पालामा चक्र-रत्न लोप हुन्दा पनि राजर्षि कहां गएर चक्रवर्ती व्रत धर्म बारेमा केही सोध पूछ गर्न गएन। बरू आफ्नै बुद्धि अनुसार राज्य गर्न थाले। यसरी आफ्नै मन मुताबिक आफ्नै विचार बुद्धि अनुसार मात्र राज्य गरेकोले उसको राज्यको अवन्नति भयो। त्यसले पहिलेका राजाहरूले जस्तै आर्य चक्रवर्ती व्रत पालन गरेन।"

"भिक्षुहरू, अनि अमात्य (मंत्री) हरू, सभासदहरू, कोषाध्यक्ष, महामंत्री, अनिकस्थ, द्वारपालहरू आएर राजामा बिन्ति गरे– देव, तपाईले आफ्नो मन मुताबिक आफ्नो बुद्धिबाट मात्र राज्य गर्नु भएकोले राज्यको त्यतिको उन्नति भएन। देव, पहिलेका राजाहरू चक्रवर्ती व्रत पालन गरेर देश र जनताहरूको सुख र शान्ति भएका थिए त्यति अहिले हुन सकेको छैन। देव, तपाईको राज्यकालमा हामी अमात्य, सभासद आदि

Downloaded from http://dhamma.digital

अधिकृतहरू र जनता समेत भएर सबैले चक्रवर्ती व्रत धारण पालन गरौं। देव, तपाईं ह्यामी सबैबाट आर्य चक्रवर्तीको व्रत विधान बारेमा विचार गरौं। जे जति ह्यामीहरूलाई थाहा छ, त्यो चक्रवर्ती व्रत बारेको कुरा भन्नेछौं।"

## ३. निर्धनता नै पापको मूल हो

"भिक्षुहरू, अनि राजाले अमात्य आदि सबैलाई बोलाएर आर्य चक्रवर्ती व्रतको विधान बारेमा सोध्नु भयो। त्यस सभामा उपस्थित भएका एक बूढा पाकाले आफुले जानेको सुदर्शन महाराजाले पालन गरेको चक्रवर्ती व्रत बारेको सबै कुरा बिन्ति गरे।

त्यस वृद्धको कुरा सुनेर राजाले त्यसै अनुसार धार्मिक शिक्षा ग्रहण गरेर पूर्वक्रियानुसार चक्रवर्ती व्रत धारण गरे। यावत्र विधि पूर्वक राजाबाट चक्रवर्ती व्रत त पालन भए तर निर्धनहरूलाई दिनु पर्ने धन दिने काम चाहिं भएन।

देशमा त्यस्ता निर्धन भएकाहरूको दरिद्रता झन झन बढ्दै गए। अनि काम नपाएर एक जना मानिसले अरूको वस्तुको चोरी गऱ्यो। मानिसहरूले त्यस चोरलाई समातेर राजा कहां लगेर बिन्ति गरे– "देव, यसले अर्काको धन माल चोरि गरे।"

'भिक्षुहरू, यसरी मानिसहरूले गरेको बिन्ति सुनेर राजाले त्यस पुरुष संग सोधे "के तिमीले साँच्चै अर्काको सामान चोरी गरेको हो ?" त्यस पूरुषले जवाफ दिए, "हो महाराज, मैले

Downloaded from http://dhamma.digital

सांच्चै अर्काको सामान चोरेको छु ।" "किन त ?" भन्ने राजाले सोधे पछि त्यस पुरुषले जवाफ दिए, "रोजगार चँलाउन सकेन। त्यस कारण मैले चोरि गरें ।"

"भिक्षुहरू, अनि राजाले त्यस पुरुषलाई धन दिएर भने "हे पुरुष, यो धन लेऊ। आफ्नो रोजी चलाऊ। आफ्ना आमा बाबुको पालन पोषण गर। आफ्ना जहान र बाल बच्चाको भरण पोषण गर। आफ्नो कारबार इमान्दार साथ चलाऊ। इहलोक र परलोकको लागि श्रमण वा ब्राह्मणहरूलाई दान देऊ।"

"भिक्षुहरू, अनि त्यस पुरुष "देव, हवस" भन्ने उत्तर दिएर धन लिएर गए।"

"भिक्षुहरू, त्यस्तै एक जना अरू पुरुषले पनि चोरी गऱ्यो। त्यसलाई पनि समातेर राजा कहां लगे। राजाले "के सांच्चै हो ?" भन्ने सोध्दा त्यस पुरुषले "सांच्चै चोरी गरेको हूँ"" भनेर जवाब दिए। त्यस्तै "किन त" भन्ने सोध्दा त्यस पुरुषले जवाब दिए, "देव, रोजगार चलेन ।"

"भिक्षुहरू, ... राजाले त्यस पुरुषलाई पनि धन दिएर भने– हे पुरुष, यस धनबाट ... राम्रो संग घर गृहस्थी चलाउ र धर्मको पालन गर। आमा बाबुको भरण पोषण गर, जहान बच्चाको पालन पोषण गर ... ।"

"भिक्षुहरू, त्यस पुरुष पनि 'हवस्' भन्ने राजामा बिन्ति गरेर धन लिएर गए।"

Downloaded from http://dhamma.digital

"भिक्षुहरू, अरू मानिसले यो समाचार थाहा पाएर त्यस्तै अर्काको धन माल चोऱ्यो। चोर्नेलाई राजाले धन द्रव्य दिनु हुन्छ भनेर उनीहरूले अर्काको धन माल चोर्न लागे।"

"भिक्षुहरू, यसरी अरू अरू मानिसले पनि अर्काको धन माल चोर्न लागे। उनीहरूलाई समातेर राजा कहां ल्याउंदा पनि राजाले "सांच्चै चोरेको हो ?" भनेर सोध्नु भयो।

"देव, सांचै चोरेको हो।"

"किन चारेको त ?"

"देव, रोजगार नचलेकोले चोरेको हूँ।"

"भिक्षुहरू, अनि (यसरी अति भएकोले) राजाको मनमा यस्तो भयो– यदि जजसले चोरी गर्दै आए त्यस त्यसलाई यस प्रकार धन दिंदै गए त चोरी मात्र बढ्दै जानेछ। अब मैले यिनीहरूलाई कडा चेतावनी देऊँ। अनि मात्र चोरी गर्ने बानि जडै देखि उखेलेर फाल्न सक्ने छ। यसरी विचार गरेर राजाले भने, अब देखि जसले चोरी गर्ने छ त्यसको टाउको काटी दिनेछ।"

"भिक्षुहरू, त्यसपछि राजाको आज्ञावाट जसले चोरी गर्दछ त्यस पुरुषलाई एउटा बलियो डोरीले बांधेर टाउको काट्न लाग्यो।"

"भिक्षुहरू, अनि जनताले पनि यो समाचार थाहा पाएर जजसले चोरी गर्दछ त्यसत्यसको टाउको काट्न तेज शस्त्र अस्त्र बनाउन लागे। तिनीहरूले तीव्र हथियार वनाए पछि ग्राम, निगम, नगर आदि ठाउँ ठाउंमा हिंसात्मक दंगा मचिन लाग्यो।

चोरहरूले पनि शशास्त्र बनाउन लागे । यात्रा गर्ने यात्रीहरूको धन माल पनि लुट्न थाल्यो । उता चोरी गर्ने मानिस समाते पछि उसको टाउको काटि दिने दण्ड पनि चल्दै रह्यो ।

## ४. पापबाट आयु र वर्णको क्षय

'भिक्षुहरू, यसरी निर्धनहरूलाई त्यसै धन दिएकोले दरिद्रता बढ्यो । चोर डांकाहरू बढ्यो। हतियारहरूको आविष्कार भयो। चोर पछि ज्यानमाराहरू बढेर आयो । यस हिंसादि पापबाट मानिसहरूको आयु घट्न थाल्यो । मानिसहरूको वर्ण (रूप) पनि निस्तेज (=प्रभाहीन) हुन लाग्यो । आयु र वर्ण घटेकोले अस्सी हजार वर्ष सम्म आयु हुने मानिसका छोरा छोरी चालीस हजार वर्ष आयुका हुन लागे ।"

"भिक्षुहरू, चालीस हजार वर्ष आयुका मानिसहरूमा पनि कसैले चोरी गर्न लाग्यो । उसलाई समातेर राजा कहां लग्यो । राजाले त्यस चोर पुरुष संग सोध्नु भयो, "के तिमीले सांच्चै चोरेको हो ?"

त्यस चोर पुरुषले जवाब दिए– "होइन महाराज, मैले चोरेको होइन ।" यसरी त्यस मानिसले जान्दा जान्दै झूठो कुरा गर्न लाग्यो।

"भिक्षुहरू, यस प्रकार निर्धनीलाई धन दिएकोले चोरी बढ्यो, ठूलो दण्ड सजाय देखि डराएर झूठा कुरा बोल्ने आदत बढ्यो । यसरी पाप कार्य धेरै गर्ने मानिसहरूको आयु झन कम

Downloaded from http://dhamma.digital

भयो र वर्णको ह्रास भयो । यिनीहरूका संतान बीस हजार वर्ष आयुका मात्र भए ।"

"भिक्षुहरू, या बीस हजार वर्ष आयुका संतानहरू मध्यले पनि कुनै न कुनैले डाका मार्‍यो । अनि कुनै राज पुरुषले उसलाई समातेर राजा कहां लगे । त्यसले भन्यो, "देव, मैले होइन फलाना पुरुषले चोरी गर्‍यो" यसरा चुगलि गर्ने बानि देखा पर्‍यो ।"

"भिक्षुहरू, यसरो निर्धनताले गर्दा चुगलि गर्ने बानि पनि देखा पर्न थाल्यो ।"

"चुगलि गर्ने बानि भएकोले ती सत्व प्राणहरूको आयुको अरु क्षति भयो । वर्ण पनि घट्यो । यिनीहरूको संतान दश हजार वर्ष मात्र आयुको हुन गयो ।"

"भिक्षुहरू, दश हजार वर्ष आयु हुने मानिसहरूमा कोई राम्रा कोई कुरूप भए । कुरुप हुने मानिसहरूले सुन्दर रूप हुने स्त्रीसंग दुराचार र प्रेम गर्न लाग्यो ।"

"भिक्षुहरू, निर्धनीलाई त्यसै धन दिएकोले यसरी चोरी, डकैती, असत्य भाषण, चुगलि र दुराचार बढ़यो । यस्ता दुराचारीहरूको सन्तान पांच हजार बर्ष सम्म मात्र आयुका भए । पांच हजार वर्ष आयुका मानिसहरूमा फूट आए । मत विभिन्नता देखा परे । अनि तिनीहरूले आआपसमा कठोर वचन निरर्थक प्रलाप गर्न लागे ।... यस किशिमका व्यवहारबाट ती प्राणीहरूको आयु रुन घट्‌दै गयो । साथै ...वर्णको पनि क्षय हुन्दै गयो । अनि उनीहरूको संतानमा कोही सारे दुई हजार वर्ष मात्र बांच्ने र कोही दुई हजार वर्ष मात्र बाँच्ने भए ।"

Downloaded from http://dhamma.digital

"भिक्षुहरू, ढाई हजार वर्ष सम्म आयु हुने मानिसहरूमा पनि अनुचित्त लोभ र हिंसा बढ्दै गयो। उनीहरूको आयु र वर्षमा अरू ह्रास आयो। उनीहरूको सन्तान एक हजार वर्ष मात्र आयुका भए।"

"भिक्षुहरू, यिनीहरूमा मिथ्या दृष्टि मिथ्याचार धेरै बढ्यो। तिनीहरूको आयु र वर्णको ह्रास भयो। यिनीहरूका सन्तान पांच शय मात्र आयुका भए। तिनीहरू तीन कुरामा विभाजित भए– असत्धर्ममा राग, अनुचित्त लोभ र मिथ्या-दृष्टि। यीनै तीन असत्धर्म बढ्दै गए पछि उन सत्व प्राणीहरूको आयु र वर्णको ह्रास भयो। यिनीहरूका सन्तानमा कोही अढाइ शय वर्ष कोही दुई शय वर्ष आयुका भए।"

"भिक्षुहरू, अढाई शय वर्ष आयु भएका मानिसहरूको बीचमा आमा बाबु प्रति गौरवको अभाव, श्रमण–ब्राह्मणहरू प्रति अगौरव, जेठा पाका प्रति अश्रद्धाको स्वभाव बढ्न लाग्यो।

"भिक्षुहरू, निर्धनताबाट ... यसरी आमा बाबु आदि प्रति अश्रद्धा भाव समेत हुन गए। यसरी मान–मर्यादा र आदर–गौरव नभएकोले यिनीहरूको आयु र वर्णमा अरू क्षति भए। यिनीहरूका सन्तान शय वर्ष सम्म आयु भएका हुन गए। भिक्षुहरू, यस्तो पनि समय आउने छ, यिनीहरूका सन्तान दश वर्ष सम्म आयुको हुनेछ।"

"भिक्षुहरू, उन मानिसहरूका सन्तान पांच वर्ष सम्म उमेरका कुमारीहरू पतिगृह जाने योग्य हुन्छ। भिक्षुहरू, दश

Downloaded from http://dhamma.digital

वर्षको आयु हुने मनुष्यहरूको समयमा ओजस्वी रस आदि सबै लोप हुनेछ । घ्यू, मखन, तेल, मह, सखर नमक आदि केही पनि हुन्दैन । यही समय मानिसहरूले कोदो नै सर्वश्रेष्ठ भोजन मान्ने छन् । बासमती, तुलसी, कालानमक आदि अनेक ओजस्वी चामलको पूर्णतः लोप हुनेछ ।"

"भिक्षुहरू, दश वर्षको आयुमा मानिसहरूले दश कुशल कर्मपथ (सदाचार)लाई पूरा बिर्सेको हुनेछ । दश कुशल कर्म-पथ लोप भएको हुन्छ । दश अकुशलको वृद्धि हुन्दै जानेछ । कुशल कर्मको नाम निशान समेत वांकी रहंदैन । भिक्षुहरू, त्यस वेला कुशल कर्म गर्ने भन्ने कुरा नै कहांबाट आउने छ ?"

## ५. पशुवत् व्यवहार र नरसंहार

"भिक्षुहरू, त्यस बेला जसले आमा बाबुको सेवा–सत्कार, सेवा–शुश्रुषा, मान–मर्यादा, आदर–गौंरव गर्दैन, त्यही छोरा प्रशंसनीय वा सभ्य मानिस मानिनेछ । त्यही कालमा आमा–बुवा, गुरु–श्रमण ब्राह्मण, जेठा पाकाहरूको आदर–सत्कार, मान–मर्यादा कुनै नराख्नेलाई समाजमा बढाइको पात्र मान्नेछ ।"

"यिनीहरूको समाजमा भेडा, बाख्रा, गाइ, गोरू, कुक्कुर, सुंगुर, श्याल, कुखुराहरूको चरित्रानुसार सानी आमा माइज्यू, गुरुआमा, अन्य खान्दान आदिको विचार नगरी मिथ्याचार हुन जानेछ । त्यस बेला पूर्णतः पशुवत व्यवहार हुनेछ । अनि यी अनर्थ स्वभावले गर्दा परस्परमा रीसराग क्रोध

Downloaded from http://dhamma.digital

प्रतिहिंसा दुर्भावना र दुष्टता आदि बढ्नेछ। अनि छोराले आमा प्रति, आमाले छोरा प्रति, दाज्यूले भाई प्रति, भाइले दाज्यू प्रति, बहिनीले दिदी प्रति, दिदीले बहिनी प्रति तिव्र क्रोध गर्नेछ, इर्ष्या गर्नेछ। परस्परमा हिंसा प्रति हिंसा गर्नेछ। भिक्षुहरू, जसरी वाघले मृग देख्ने वितिक्कै झमतिनेछ त्यस्तै सत्व प्राणीहरू माथि तीव्र क्रोध गर्ने र आमाले छोरा प्रति, छोराले आमा प्रति झमतिने काम हुनेछ।"

"भिक्षुहरू, उनीहरूको समयमा एक सप्ताह सम्म शस्त्रा-न्तर कल्प हुनेछ। त्यस बेला एकले अर्कालाई मृग वोका समझेर झमटिने छ, हत्या गर्नेछ। यिनीहरूको हातमा स्वयं तीक्ष्ण अस्त्र शस्त्र प्रकट हुनेछ। ती तीक्ष्ण शस्त्र अस्त्रले आ-आपसमा यो मृग हो यो वोका हो यो भेडा हो भन्दै काटामार चल्नेछ।

यस दुर्दशा ग्रष्ट समयमा कुनै धर्मको सम्झना कसैमा आउन्दैन। त्यो समय नै प्रलय कालको समय हुन्छ।

समाप्त

Downloaded from http://dhamma.digital

Dhamma.Digital

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

## लेखकको प्रकाशित पुस्तकहरु

१. महास्वप्न जातक (नेपाल भाषा)
२. मणिचूड जातक "
३. बौद्ध स्तोत्र "
४. त्रिरत्न गुण (नेपाली भाषा)
५. बौद्ध पद्धति "
६. आटानाटिय सूत्र "
७. सोह्र महास्वप्नको फल "
८. निर्धनता नै पापको मूल हो "

मुद्रक : "शाक्य प्रेस" ॐबहाल टोल, काठमाडौं फोन: १३६०४

Downloaded from http://dhamma.digital